नेपाल सरकार
परराष्ट्र मन्त्रालय
# राहदानी विभाग
त्रिपुरेश्वर, काठमाडौं

## प्रेस विज्ञप्ति

राहदानी विभागले वर्तमान सम्झौता बमोजिम आपूर्ति हुने राहदानी पुस्तिकाको मौज्दात सकिनु अगावै राहदानी आपूर्ति गर्ने लक्षका साथ नयाँ राहदानी खरीद प्रक्रिया अगाडि बढाई राहदानी सेवाको आद्योपान्त सेवालाई दुई प्याकेज अर्थात् प्याकेज १ आवेदन प्रणाली, तथ्याङ्क व्यवस्थापन तथा प्रशोधन र राहदानी वितरण तथा प्याकेज २ विद्युतीय राहदानीको खाली पुस्तिका र सोको वैयक्तिकरण गरी खरिद गर्नका लागि मिति २०८१ मङ्सिर १३ (तदनुसार सन् २८ नोभेम्बर २०२४) मा अन्तर्राष्ट्रिय बोलपत्रको सूचना प्रकाशन गरेको छ ।

विगतमा एउटै प्याकेज खरिद गरिएकोमा बोलपत्रमा प्रतिस्पर्धाको दायरा फराकिलो बनाउने, एउटा कम्पनी माथिको निर्भरता कम गर्ने तथा थप प्राविधिक ज्ञान हस्तान्तरण गरी विभागको क्षमता विकास गर्ने लगायतका उद्देश्यले खरिदलाई दुई प्याकेजमा विभाजन गरिएको छ । सोही योजना अनुरूप विभागमा १ जना सूचना प्रविधि निर्देशक र ३ जना कम्प्युटर इन्जिनियर गरी ४ जना प्राविधिकको दरबन्दी थप गरिएको र नयाँ आयोजनाको शुरु देखि नै उक्त प्राविधिक जनशक्तिलाई संलग्न गराई प्राविधिक ज्ञान हस्तान्तरण गर्दै जाने गरी कार्य भइरहेको छ ।

बोलपत्र कागजात तयार गर्दा अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (ICAO) को कागजात (Document) ९३०३ मा उल्लिखित मार्गदर्शन तथा मापदण्डमा आधारित रही प्राविधिक विनिर्देशन (Technical Specifications) लगायतका विषय तयार गरिएको छ । सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन, सार्वजनिक खरिद अनुगमन कार्यालयले प्रकाशन गरेका कागजात तथा मापदण्डहरू तथा प्रचलित अभ्यास समेतको आधारमा खुला, स्वच्छ र पारदर्शीरुपमा सबै सम्भाव्य बोलपत्रदाताहरूले विना भेदभाव प्रतिस्पर्धा गर्न पाउने सुनिश्चित हुने गरी बोलपत्र तयार गरिएको छ । बोलपत्र तयार गर्दा सम्बन्धित क्षेत्रका विज्ञहरूको बढी भन्दा बढी संलग्नता सुनिश्चित गर्न राहदानी पुस्तिका छपाइमा प्रयोग हुने कागज तथा सुरक्षा विशेषता, यसमा प्रयोग हुने चिप, तथ्याङ्क प्रशोधन तथा व्यवस्थापन, सार्वजनिक खरिद आदि विभिन्न क्षेत्रका विज्ञहरू रहने गरी एक समिति गठन गरी खरिद सम्बन्धी तयारी कार्य गरिएको छ । विभागद्वारा प्रकाशित बोलपत्रका विषयमा छलफल गर्न गत पौष २७ गते पूर्व-बोलपत्र बैठक (Pre-bid meeting) आयोजना गरिएको र उक्त बैठकमा उत्साहपूर्ण रूपमा २२ वटा कम्पनीले भाग लिई विभिन्न जिज्ञासा राखेका तथा केही विषयमा परिमार्जन गर्न अनुरोध प्राप्त भएको थियो । सम्भावित बोलपत्रदाताहरूबाट प्राप्त भएको अनुरोध बमोजिम बोलपत्रदाताहरूको तयारीमा सहजीकरण गर्नका लागि विभागले ३० दिन म्याद थप गरेको, सबै जिज्ञासालाई स्पष्ट पारेको र बोलपत्रमा रहेका केही प्रावधानलाई संशोधन समेत गरेको छ । सम्भाव्य बोलपत्रदातालाई समानरुपमा प्रतिस्पर्धा गर्ने आधार (level playing field) हुने गरी विभागले बोलपत्र तयार गरेको व्यहोरा प्रकाशित बोलपत्रबाट स्पष्ट भएकै छ।

विभागबाट प्रकाशित बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको प्रणालीबाट निःशुल्क डाउनलोड गरी पढ्न सकिन्छ । यसरी बोलपत्रलाई अध्ययन तथा विश्लेषण गर्ने अवस्था हुँदा हुँदै कतिपय सञ्चार माध्यमले गलत सूचना प्रवाह गरेकोप्रति विभागको ध्यानाकर्षण भएको छ । विभागमा अख्तियारले छापा मारी कागजात नियन्त्रणमा लिएको, वर्तमान ठेकेदार कम्पनीको खर्चमा विदेश भ्रमण गरेको भन्ने जस्ता हुँदै नभएका, बिलकुल झूटा र कपोलकल्पित विषय प्रकाशन गरिनु खेदजनक छ । यसका साथै कुनै कम्पनी विशेषलाई फाइदा हुने गरी बोलपत्र कागजात तयार गरिएको, ठेक्का हत्याउन विभागलाई गलत प्रभाव पारिएको भन्ने जस्ता विषयहरू निराधार र तथ्यहीन रहेको कुरा प्रकाशित बोलपत्रबाट स्पष्ट भएकै छ।

नेपाली राहदानीवाहकलाई विदेश यात्रा गर्दा पर्न सक्ने नकारात्मक प्रभावप्रति सचेत रहन र सुरक्षण कागजातको रूपमा लिइनुपर्ने राहदानीको संवेदनशीलतालाई ख्याल गर्न सम्पूर्ण सञ्चारकर्मीहरूलाई विभाग अनुरोध गर्दछ। साथै, यस प्रकारका समाचारले बोलपत्रमा भाग लिन इच्छुक बोलपत्रदातामाझ नकारात्मक प्रभाव पर्न सक्ने र यसले प्रतिस्पर्धाको दायरा सीमित पार्न सक्ने अवस्था तर्फ ध्यान दिन समेत विभाग अनुरोध गर्दछ।

विभागले दक्षिण एसियामा पहिलो मुलुककारुपमा विद्युतीय राहदानी सेवा प्रदान गर्न शुरु गरेको, नेपालको राहदानीको गुणस्तर उच्च रहेको, नेपाली नागरिकहरूलाई निरन्तररुपले छिटो छरितो र सहजताका साथ राहदानी सेवा प्रदान गरिरहेको तथ्यलाई नजर अन्दाज गरी तथ्यहीन विषयहरू सञ्चार माध्यमबाट प्रकाशन हुनु दुःखद छ । विभागले तीव्र गतिमा विकसित प्रविधिलाई प्रयोग गरी आगामी दिनमा सेवा प्रवाहलाई अझ सहज र सेवाग्राही मैत्री बनाउने गरी तयारी गरिरहेको र नेपाली राहदानीवाहकलाई विदेश यात्राका क्रममा सहजता प्रदान गर्न विभाग गम्भीर रहेको व्यहोरा समेत विनम्र अनुरोध छ।

राहदानी विभाग
२०८१ माघ २२